प्रदेश सरकार
# युवा तथा खेलकुद मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

पत्र सङ्ख्याः ०७९/८०
चलानी नं.:

## प्रस्ताव पेश गर्ने सम्बन्धी सुचना

**(प्रथम पटक सुचना प्रकाशन मितिः२०७९/०५/१६)**

युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश पोखराको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि यस मन्त्रालयको मिति २०७९।४।२८ गतेको निर्णयानुसार(माननीय मन्त्रीस्तर) स्वीकृत भएका मापदण्डहरु तपसिल बमोजिमका कार्यक्रम सञ्चालन गर्नको लागि प्रचलित कानुन अनुसार स्थापित स्थानीय तह, व्यक्तिगत तथा सामुहिक फर्म तथा कार्यक्रम लक्षित संस्थाले यो सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र रीतपुर्वक यस मन्त्रालयमा तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ। थप सुचनाका लागि युवा तथा खेलकुद मन्त्रालयको website: moys.gandaki.gov.np मा हेर्नुहुन अनुरोध गरिन्छ।

### तपसिल

| क्र. सं. | कार्यक्रमको नाम | मापदण्डको नाम | प्रस्ताव कसले पेश गर्ने | तोकिएको ढाँचामा प्रस्ताव र तपसिल बमोजिमका आवश्यक कागजपत्रहरु |
|---|---|---|---|---|
| १ | अपाङ्गता भएका युवाहरूको लागि उद्यमशीलता विकासमा सहयोग | अपाङ्गता भएका युवाहरूको लागि उद्यमशीलता विकासमा सहयोग सम्बन्धी मापदण्ड, २०७९ | अपाङ्गता भएका युवाहरू | नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अपाङ्गताको परिचयपत्रको प्रतिलिपि, संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित स्थानीय तहको सिफारिश। |
| २ | परम्परागत पेशा व्यवसायमा लागेका युवालाई प्रोत्साहन कार्यक्रम | परम्परागत पेशा व्यवसायमा लागेका युवालाई प्रोत्साहन सम्बन्धी मापदण्ड, २०७९ | परम्परागत पेशा व्यवसायमा लागेका युवाहरु | नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित स्थानीय तहको सिफारिश, संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि र आफुले गर्दै आएको पेशा व्यवसाय सम्बन्धी विवरण। |
| ३ | लागु औषध दुर्व्यसनी युवाहरुलाई परामर्श/प्रशिक्षण तथा पौष्टिक कार्यक्रम | लागु औषध दुर्व्यसनी युवाहरुलाई परामर्श/प्रशिक्षण तथा पौष्टिक आहार सहयोग सम्बन्धी मापदण्ड, २०७९ | लागु औषध दुर्व्यसनी युवाहरुलाई परामर्शप्रशिक्षण/ दिने संघ/ संस्थाहरु | लागु औषध दुर्व्यसनी युवाहरुलाई परामर्श गर्ने पुनर्स्थापना केन्द्रहरु तथा सो संग कार्य गर्ने संघ/संस्थाले आ-आफ्नो विवरण पेश गर्ने । |
| ४ | युवा उद्यम तथा स्वरोजगार कार्यक्रम | युवा उद्यम तथा स्वरोजगार कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९ | उद्यमी तथा स्वरोजगारको कार्य गरेका युवाहरु | संस्था दर्ता तथा नविकरण सम्बन्धी प्रमाण-पत्रको प्रतिलिपि, लेखापरीक्षण प्रतिवेदन तथा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि, उद्यमको लागि प्रयोग गरिने जग्गा तथा भौतिक संरचनाको स्वामित्व खुल्ने प्रमाण अथवा लिजमा लिएको प्रमाण, सम्बन्धित स्थानीय तहको सिफारिश र प्रस्तावित उद्यमको व्यवसायिक परियोजना प्रस्ताव। |

०६१-५९०२४२, ५९०२४३ इमेल : moys.gandaki@gmail.com

प्रदेश सरकार
# युवा तथा खेलकुद मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

पत्र सङ्ख्याः ०७९/८०

चलानी नं.:

| | | | | |
|---|---|---|---|---|
| ५ | एक स्थानीय तह एक खेलमैदान निर्माण | एक स्थानीय तह एक खेलमैदान निर्माण तथा स्थानीय तह, युवा क्लव र विद्यालयको खेलमैदान निर्माण/स्तरोन्नति सम्बन्धी मापदण्ड,२०७९ | गण्डकी प्रदेशका ८५ वटा स्थानीय तहहरु | स्थानीय तहहरुले आफ्नो स्थानीय तहमा खेल संचालन गर्नका लागि यस पुर्व तयार गरेका खेलमैदानको स्तरोन्नति तथा नयाँ खेलमैदान निर्माणका लागि स्थान तथा जग्गाको विवरण(आफ्नै जग्गा प्रमाण पुर्जा वा हक भोग अधिकार सम्बन्धी कागजात), लागत साझेदारीता, खेलमैदान सम्बन्धी पूर्वाधारको अवस्था, बहुउद्देश्यीय खेलमैदान सम्बन्धी विवरण, लागत इष्टिमेट सहितको कार्ययोजना, खेलमैदानको निरन्तर उपयोग तथा संरक्षणको सुनिश्चितता साथै मापदण्डले मागेका अन्य विवरण ईमेल मार्फत पठाउन सकिनेछ। |

**पुनश्चः** गण्डकी प्रदेश सरकारको वार्षिक कार्यक्रममा तोकिएको योजनाका लागि सम्बन्धित स्थानीय तहका प्राविधिकबाट तयार गरिएको लागत अनुमान, योजना सम्झौताका लागि वडाको सिफारिश,आमभेलाबाट उपभोक्ता समिति र अनुगमन समिति गठनको निर्णयको प्रतिलिपि, उपभोक्ता समितिको बैठक बसी सम्झौता र खाता सञ्चालन गर्ने निर्णयको प्रतिलिपि, उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यहरुको नागरिकताको प्रतिलिपि, योजना सम्झौताको लागि उपभोक्ता समितिको निवेदन, स्वघोषणा पत्र र अन्य आवश्यक कागजपत्र सहित सम्झौता गर्न आउन अनुरोध छ।

०६१-५९०२४२, ५९०२४३ इमेल : moys.gandaki@gmail.com